नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ७ २०८२ साल साउन ९ गते शुक्रबार (25 July 2025 Friday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : युवा पुस्तामा सकारात्मक... ३ पृष्ठमा : ‘मधेसलाई संकटग्रस्त र ... ३ पृष्ठमा :रुसमा करिब ५० यात्रु ...

# सर्वोच्चद्वारा आयोडिनयुक्त नुन ऐन २०५५ कार्यान्वयन नगर्न आदेश

काठमाडौँ, ८ साउन (रासस) ।
सर्वोच्च अदालतले ‘आयोडिनयुक्त नुन (उत्पादन तथा विक्रि वितरण) ऐन २०५५’ कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ ।

न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र महेश शर्मा पौडेलको संयुक्त इजलासले गत असार ३० गते अन्तरिम आदेश गर्दै आयोडिनयुक्त नुन ऐन २०५५ यही साउन १ गतेदेखि कार्यान्वयन नगर्न भनेको हो ।

आदेशमा ऐन निर्माण भई जारी भएको हाल करिब २५ वर्ष व्यतित भइसकेको अवस्था रहेको र हालसम्म ऐन कार्यान्वयनका लागि आवश्यक पूर्वशर्तको रूपमा रहेको नियमावली बनाउने काम पनि हुन नसकेको देखिएको उल्लेख छ ।

साथै विना आवश्यक पूर्वतयारी ऐन लागू गर्दा यस अदालतबाट यसअघि परेका मुद्दामा चिन्ता व्यक्त गरिएजस्तै आम जनताको स्वास्थ्य र जनजिविकासँग प्रत्यक्ष सरोकार रहने आयोडिनयुक्त नुनको आपूर्ति र बिक्री वितरण नै प्रभावित हुनसक्ने अवस्था देखिएको आदेशमा उल्लेख छ ।

आदेशमा भनिएको छ, “तत्काल ऐन लागू नगर्दा कसैलाई अपूरणीय क्षति पुग्नसक्ने अवस्था नदेखिएको र प्रस्तुत विषयवस्तुको प्रकृतिबाट रिट निवेदनको अन्तिम किनारा लाग्दाका बखत नै निरुपण हुन मनासिब हुँदा प्रस्तुत रिट निवेदनमा अन्तिम किनारा लाग्दाका बखत ठहरे बमोजिम हुने गरी हाललाई नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०८२ साउन १ गतेदेखि आयोडिनयुक्त नुन उत्पादन तथा बिक्री वितरण ऐन, २०५५ प्रारम्भ हुने गरी नेपाल राजपत्रमा प्रकाशित सूचना कार्यन्वयन नगर्नु नगराउनु ।”

आदेशमा आयोडिनयुक्त नुन उत्पादन तथा बिक्री वितरण ऐन २०५५ को व्यवस्था कार्यान्वयन गर्नका लागि नियमावली जारी नगरेकाले उक्त ऐन कार्यान्वयनमा रोक लगाइएको उल्लेख छ ।

अधिवक्ता शितल महर्जनले २५ वर्षअघि बनेको ‘आयोडियनयुक्त नुन उत्पादन तथा बिक्री वितरण ऐन, २०५५’ लाई जगाइ आम जनताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको आयोडिनसम्बन्धी नुनलाई निजी क्षेत्रबाट आयात र वितरण गर्ने योजना प्रत्यक्ष देखिएकाले उक्त ऐन लागू हुँदा मानव स्वास्थ्यमा दीर्घकालीनरूपमा गम्भीर असर पर्ने उक्त ऐन बदर गर्न माग गर्नुभएको थियो ।

## सर्पदंशबाट महिलाको मृत्यु

**दैनिक समाचारदाता राजविराज, ८ साउन ।**
सप्तरीको अग्नीसाईर कृष्णासवरण गाउँपालिका ६ मोहनपुरमा सर्पदंशबाट एक महिलाको मृत्यु भएको छ ।

स्थानीय इन्द्र बहादुर राईकी ५० वर्षिया श्रीमती संगिता राईको सर्पदंशबाट बुधबार राती मृत्यु भएको हो ।

सर्पदंशबाट अचेत भएकी उनलाई तत्कालै उपचारका अस्पताल पठाइएकोमा सोही दिन राती गजेन्द्रनारायण सिंह अस्पतालका चिकित्सकहरुले मृत घोषणा गरेका थिए ।

# ‘मधेसको खडेरी संकट समाधान गर्न तीनै तहका सरकारबीच समन्वय आवश्यक’

काठमाडौँ, ८ असार (रासस) ।
मधेसी आयोगले मधेस प्रदेशमा देखिएको खडेरीको सङ्कट समाधान गर्न तीनै तहका सरकारबीच प्रभावकारी समन्वयको आवश्यकता औँल्याएको छ ।

आयोगले बुधबार प्रेस विज्ञप्ति जारी गरी खानेपानी जस्तो आधारभूत आवश्यकताबाट मधेस प्रदेशका बासिन्दा वञ्चित हुनु मानव अधिकारसँग जोडिएको विषय भएकाले त्यसतर्फ गम्भीर हुन ध्यानाकर्षण गराएको हो ।

लामो समयसम्म वर्षा नभइ खडेरी परेका कारण मधेस प्रदेशका अधिकांश जिल्लामा भूमिगत जलस्रोतको सहत निरन्तर घटेको, चुरे दोहन र जवलायु परिवर्तनको असरले पानीको सङ्कटलाई थप जटिल बनाएको आयोगका सचिव नरेशराज खरेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

मधेसमा कैयौँ स्थानमा स्थानीय तह र प्रदेश सरकारको समन्वयमा दमकल र ट्याङ्करमार्फत खानेपानी वितरण गरिए पनि त्यो पर्याप्त नभएको जनाउँदै आयोगले खानेपानीको अभाव भएका क्षेत्रमा तत्काल सो सुविधा पुर्‍याउन आग्रह गरेको छ ।

आयोगले खडेरीका कारण बालीनालीमा क्षति व्यहोरेका किसानलाई राहत प्याकेजको घोषणा गरी उचित क्षतिपूर्तिको

बाँकी अन्तिम पृष्ठमा

# बरामद मदिरा तथा कपडाहरु भन्सार बुझाइयो



**दैनिक समाचारदाता राजविराज, ८ साउन ।**
अवैध रुपमा नेपालबाट भारततर्फ लैजादै गरेको मदिरा तथा भारतबाट नेपालतर्फ ल्याउँदै गरिएको विभिन्न कपडाहरु प्रहरीले बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय पातो सप्तरीबाट खटिएको प्रहरी टोलीले गस्ती गर्ने क्रममा डाक्नेश्वरी नगरपालिका ६ फत्तेपुर टोल सडक खण्डमा वेवारिसे अवस्थामा रहेको तीन कार्टुन मामाश्री नामक मदिरा बरामद गरेको हो ।

प्रहरीका अनुसार नेपालबाट अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी नेपाली नं.को मोटरसाईकलबाट भारततर्फ लैजादै गर्दा प्रहरी टोलीलाई देख्ने बित्तिकै मोटरसाईकल र सामान छोडी मानिसहरु फरार भएका थिए ।

यस्तै प्रहरी चौकी तिलाठीले गस्ती गर्ने क्रममा वडा नं. १ कुनौली बोर्डर सडक खण्डस्थित भारतबाट अवैध रुपमा भन्सार छली तथा चोरी पैठारी गरी ल्याउदै गरेको सुतिको साडी, कुर्ता सुरुवाल लगायत बिभिन्न सामानहरु बरामद गरेको छ ।

प्रहरी टोलीलाई देख्ने बित्तिकै मानिसहरु बोराहरु छाडी फरार भएको तथा बेवारिसे अवस्थामा रहेका उक्त बोराहरुमा ५९ हजार ३ सय ५० रुपैया बराबरको बिभिन्न सामानहरु फेला परेको जनाइएको छ ।

दुवै स्थानबाट बरामद मोटरसाइकल, मदिरा तथा कपडाहरु नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि भन्सार कार्यालय बुझाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

भर्ना खुल्यो !
भर्ना खुल्यो !!
विगत १७ वर्ष देखी संचालन हुदै आएको
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )
डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग
( ३ बर्षे )
न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए.
फारम भर्ने अन्तिम मिति : २०८२ श्रावण ११ गते सम्म ।
सम्पर्क :
सफटेक इन्जिनियरिङ कलेज
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

## सम्पादकीय

# अवैध मदिरा र तस्करी नियन्त्रणका लागि अझै प्रयास आवश्यक

प्रहरीले अवैध मदिरा र तस्करी नियन्त्रण गर्ने प्रयास लामो समयदेखी गर्दा पनि अझै नियन्त्रणमा आउन सकेको छैन् । सम्बन्धीत निकायले अनुगमन तथा नियन्त्रणको प्रयास गर्न नसक्दा अहिले अवैद्य मदिरा को व्यापार बढ्दो छ । नेपालबाट भारततर्फ चोरी पैठारी हुँदै मदिरा बाहिरिदै छ । नेपाली सीमासँग टासिएको भारतको बिहार राज्यमा मदिरा पूर्णरुपमा बन्देज छ । सोही कारणले पनि नेपालबाट भन्सार छलेर चोरी पैठारी हुँदै त्यसतर्फ निर्यात भइरहेको छ । यस बाहेक मदिराका कारण स्कुले बालबालिकाहरु पनि दुर्व्यसनीमा पर्दै गइरहेका छन् । साँझ पर्ने बितिकै मदिरा सेवनकर्ताहरुको भिड लाग्ने गरेको छ । यो संख्या जिल्लाको ग्रामिण भेगमा मात्र नभएर सहरी क्षेत्रमा समेत बढ्दो छ ।

यसैगरि भारतबाट नेपाल र नेपालबाट भारततर्फ पनि चोरी पैठारी गर्दै विभिन्न सामानहरु आयात र निर्यात भइरहेको छ । यस्ता कार्यलाई नियन्त्रण गर्न प्रहरीले सक्रियता देखाएपनि उपलब्धी भने सन्तोषजनक छैन् । सप्तरीसँग टासिएको भारतीय सीमानाका खुल्ला छ । ती सीमानाका प्रहरीकै भरमा निगरानी हुने गरेको छ । खुल्ला सीमानाकाका कारण दुबै क्षेत्रमा तस्करी बढेको हो ।

तसर्थ अवैध मदिरा र तस्करी नियन्त्रणका लागि तीनै तहका सरकारदेखी स्थानीय प्रहरी प्रशासनले समेत चनाखोका साथ अझ सक्रियता बढाउनु पर्ने आवश्यकता रहेको छ । अनिमात्र सरकारी राजश्वमा बृद्धि हुने कुरामा दुई मत नहोला ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# युवा पुस्तामा सकारात्मक सोचको खाँचो

**राज कार्की**

काठमाडौँ, ८ साउन (रासस) ।

आजको युग तीव्र गतिमा परिवर्तन भइरहेको छ । विज्ञान, प्रविधि, सूचना र सञ्चारको तीव्र विकासले मानव जीवनलाई सहज र गतिशील बनाएको छ । तर, यही परिवर्तनको आँधीभित्र युवा पुस्ता दिशाहीन, दिग्भ्रमित र चिन्तित भइरहेका छन् । उनीहरूलाई आत्मविश्वासभन्दा बढी डर छ, आशाभन्दा बढी शङ्का छ, उद्देश्यभन्दा बढी अन्योल छ । यस्तो अवस्थामा सकारात्मक सोच नै उनीहरूको जीवनलाई नयाँ दिशा दिनसक्ने एउटै शक्तिशाली उपाय हो । त्यसैले, युवालाई सकारात्मक सोचमा प्रशिक्षित गर्नु आजको सबैभन्दा ठूलो आवश्यकता बनेको छ ।

आजको प्रतिस्पर्धात्मक युगमा युवा भविष्यप्रति अन्योल, मानसिक तनाव, र असन्तुष्टिको दबाबमा छन् । सामाजिक सञ्जाल, बेरोजगारी, पारिवारिक अपेक्षा, र असफलताले उनीहरूमा नकारात्मक सोच विकास गर्न सक्ने सम्भावना बढेको छ । यस्तो अवस्थामा युवामा सकारात्मक सोचको खाँचो गम्भीर र आवश्यक विषय हो । सकारात्मक सोच भनेको हरेक परिस्थितिमा आशाको उज्यालो देख्ने सोच हो । यो सोचले व्यक्ति कठिनाइमा डराउनुको सट्टा समाधान खोज्न थाल्छ । जब जीवनमा समस्या आउँछ, नकारात्मक सोचले भन्छ, "अब केही हुँदैन," तर सकारात्मक सोच भन्छ, "यही समस्या समाधानको नयाँ अवसर हो ।" सकारात्मक सोच भनेको केबल सुखद् सपना देख्नु मात्र होइन, ती सपना साकार गर्न साहसपूर्वक सङ्घर्ष गर्नु हो ।

सकारात्मक सोच कुनै जादू होइन, तर जीवनलाई सरल, सफल र सन्तुलित बनाउने सशक्त मानसिक अवस्था हो । हरेक परिस्थितिमा उज्यालो देख्न सक्ने दृष्टिकोण विकास गरेमा जीवनका चुनौती पनि अवसर बन्न सक्छन् । त्यसैले, सकारात्मक सोच केवल सोचको शैली होइन, यो जीवन जिउने कला हो । "म सक्छु", "यो सम्भव छ" भन्ने भावना जागृत गराउन, असफलतालाई पाठको रूपमा लिने प्रवृत्तिको विकासले नकारात्मक सोच बिस्तारै हराउँदै जान्छ । ध्यान, योग वा मननले पनि मानिसको मानसिक स्पष्टता र सकारात्मक ऊर्जा ल्याउँछ ।

नेपाल मात्र होइन, विश्वभर नै युवा पुस्ता मानसिक तनाव, बेरोजगारी, पारिवारिक दबाब र सामाजिक तुलनाको भारमा थिचिएका छन् । उनीहरू सामाजिक सञ्जालमा अरूको झुटो जीवनसँग आफ्नो वास्तविकता तुलना गर्दै आत्मग्लानि र हीन भावना पालिरहेका छन् । परिणामस्वरूप, आत्महत्या, मादकपदार्थको दुरुपयोग, अपराधमा संलग्नता र मानसिक रोग दिनदिनै बढ्दो क्रममा छ । यस्तो अवस्थामा उनीहरूलाई केबल शिक्षा दिएर पुग्दैन, उनीहरूलाई मानसिक रूपमा सशक्त बनाउनुपर्छ । सकारात्मक सोचमा आधारित जीवन सीपको प्रशिक्षण अहिलेको यथार्थ आवश्यकता हो ।

कारात्मक सोचले आत्मविश्वासको विकास गराउँछ । उनीहरू असफलतालाई पनि सिकाइको अवसरका रूपमा लिन्छन् । यसले मानिलाई सङ्कटमा अवसर देख्ने क्षमताको विकास गराउँछ । सङ्कटमा रुने होइन, त्यो अवसरमा रूपान्तरण गर्ने सोच युवामा विकास हुन्छ । व्यक्तिको नेतृत्व विकासमा पनि यसले मद्दत गर्दछ । सकारात्मक सोच भएका युवा नेतृत्वको क्षमतामा अगाडि बढ्छन् । उनीहरू समस्या समाधानकर्ता बन्छन्, गुनासो गर्ने होइन । यदि युवामा सकारात्मक सोच विकास गरियो भने, उनीहरू केबल आफ्नै जीवन सुधार्न सक्ने होइनन्, समाज र राष्ट्रको निर्माणमा पनि महत्वपूर्ण योगदान दिन सक्नेछन् । त्यसैले आजको आवश्यकता भनेको युवालाई सही दिशामा सोच्न प्रेरित गर्नु हो ।

सकारात्मक सोच भएका व्यक्तिले समाजमा पनि विशिष्ट योगदान दिन सक्छन् । उनीहरू समाज सुधार, स्वदेशमै उद्यम स्थापना र राष्ट्र निर्माणमा योगदान दिन सक्षम हुन्छन् । साथै, उनीहरूले अरू व्यक्तिमा सकारात्मक ऊर्जा फैलाउने काममा पनि सकारात्मक सोच भएको व्यक्ति केबल आफू सफल हुँदैन, ऊ वरपर पनि सकारात्मक ऊर्जा फैलाउँछ । यसले सामाजिक सद्भाव र एकता बढाउँछ । मानसिक स्वास्थ्यका लागि पनि सकारात्मक सोच हुन आवश्यक छ । यसले तनाब, चिन्ता र डिप्रेसनलाई घटाउँछ । साथै, कुनै समस्यामा आइपरेमा हार मान्नुको सट्टा समाधान खोज्ने प्रेरणा दिन्छ । आत्मबल र आत्मविश्वास बढाउने हुँदा आफैँप्रति विश्वास जन्माउँछ, जसले लक्ष्य प्राप्तिमा मद्दत पुऱ्याउँछ । यसले सकारात्मक दृष्टिकोण राख्न मद्दत गर्ने हुँदा सामाजिक सम्बन्ध सुदृढ हुन्छ । सकारात्मक व्यक्ति जहिले पनि नयाँ अवसरको खोजीमा रहन्छ र नवप्रवर्तनप्रति आफूलाई केन्द्रीत राख्दछ ।

युवामा सकारात्मक सोचको विकास जागृत गराउन प्रशिक्षणको आवश्यकता छ । यसका लागि पहिलो कुरा हाम्रो शिक्षा प्रणालीमा परिवर्तनको खाँचो छ । विद्यालय र कलेजले पाठ्यक्रममा जीवन सीप, सकारात्मक मनोविज्ञान, र भावनात्मक बुद्धिमत्ता जस्ता विषय समावेश गर्नुपर्छ । समयसमयमा युवालाई नियमित रूपमा प्रेरणादायी व्यक्तित्वबाट सेमिनार, व्यापार वार्ता, सफलताको कथाजस्ता कार्यक्रम आयोजना गरी आशाको सञ्चार राइराख्नुपर्छ । अनुभवी व्यक्तिबाट व्यक्तिगत मार्गदर्शन दिने मेन्टोरशिप कार्यक्रम सञ्चालन गर्न सकिन्छ । युवाहरूले गलत बाटोमा लाग्ने वा आफ्नो जीवनप्रति नैराश्य भाव राख्नुमा परिवार र समाजको कारण पनि रहेको हुन्छ । त्यसैले परिवारमा खुलेर बोल्ने वातावरण, सन्तुलित संवाद, हौसला दिने संस्कारको विकासमा परिवार र समाजको पनि उत्तिकै भूमिका रहेको हुन्छ । आवश्यक छ । समाजले युवालाई सुन्न, बुझ्न र मार्गदर्शन गराउन सक्छ । त्यस्तै सामाजिक सञ्जालमा सकारात्मक विचार, प्रेरणादायी भिडियो, लेख, र पोस्टहरूको प्रवर्द्धन गरिएमा त्यसले सकारात्मक नतिजा ल्याउँछ ।

नेपाल जस्तो मुलुक जहाँ जनसङ्ख्याको ठूलो हिस्सा युवामा आधारित छ, त्यहाँ सकारात्मक सोचले देशको दिशा नै बदल्न सक्छ । युवा सोच नै परिवर्तनशील छ, यसलाई सही दिशामा हिँडाउने हो भने त्यो समाज रूपान्तरणको मूल इन्जिन बन्न सक्छ । नेपालमा विगतका राजनीतिक, आर्थिक र सामाजिक उतारचढावले धेरै युवा निराश छन् । उनीहरू विदेशी भूमिमा श्रम बेच्न विवश छन् । यदि तिनै युवालाई सकारात्मक सोच, उद्यमशीलता, आत्मनिर्भरता र सम्भावनाको आँखा देखाइयो भने नेपाल आफैँ अवसरको भण्डार बन्न सक्छ ।

आजको अस्वस्थ शैक्षिक र व्यावसायिक प्रतिस्पर्धाले अधिकांश युवामा निराशा फैलाएको छ । अभिभावक र समाजको दबाबले पनि उनीहरूको मनोबल घटाएको पाइन्छ । बढ्दो सामाजिक सञ्जालको प्रयोगले अरूसँग तुलना गर्ने प्रवृत्तिले गर्दा आत्महीनताको भावना पैदा गरेको छ । विद्यालय, परिवार र समाजमा प्रेरणात्मक मार्गदर्शन तथा सकारात्मक सोच सिकाउने वातावरणको अभाव छ । यो समस्या समाधानका लागि सर्बप्रथम परिवार, विद्यालय र समुदायबाट नै सकारात्मक सोचको अभ्यास सुरु गर्नु आवश्यक छ । हाम्रो शिक्षा प्रणालीमा जीवन मूल्यको महत्वसमबन्धी पाठ्यसामग्री समावेश गर्नुपर्ने आवश्यकता छ । युवालाई लक्षित गरी प्रेरणादायी कार्यक्रम, तालिम र सेमिनार सञ्चालन गर्न सकिन्छ । सफल व्यक्तिका सङ्घर्ष कथा पनि युवालाई प्रेरणा दिने माध्यम बन्न सक्ने हुँदा त्यस्ता प्रेरक व्यक्तिसँग सत्सँग गराउने वा उनीहरूका बारेमा लेखिएका सामग्री पढ्ने अवसर प्रदान गर्न सकिन्छ ।

युवा शक्ति भनेको राष्ट्र निर्माणको मेरुदण्ड हो । ती युवा जसले साहस, लगनशीलता र दृष्टिकोण बोकेर अघि बढ्छन्, उनीहरूले देशको भविष्य बोकेर हिँडिरहेका हुन्छन् । उनीहरूको कर्म, सङ्घर्ष र नविन सोचले देशलाई समृद्धिको यात्रामा डोऱ्याउँछ । तर, केबल युवाको जोशले मात्र देश बोक्न सम्भव छैन, सरकारले नीति, अवसर र संरचना निर्माण गरेर ढोका खोलिदिनुपर्छ । सरकारको सहकार्यले युवाको ऊर्जा दिशा पाउँछ, अवसरमा बदलिन्छ, र देश समृद्धिको पथमा अगाडि बढ्छ । हुन त युवा आफैँले पनि अवसर सिर्जना गर्न सक्दछन्, तर सहकार्य बिना परिवर्तन दिगो हुँदैन । जब युवा र सरकार एउटै लक्ष्यमा सहमत हुन्छन्, तब देश बदलिन्छ, सपना साकार हुन्छ, र इतिहास बन्नसक्छ ।

युवाहरू केबल राष्ट्रका भविष्य हुन् भन्ने वाक्य पुरानिएको छ । आजका युवा वर्तमानका कर्ता हुन् । उनीहरूलाई सकारात्मक सोचमा प्रशिक्षित गर्नु भनेको उज्यालो भविष्य निर्माण गर्नु मात्र होइन, आजको समस्याको समाधान पनि हो । समाजमा सकारात्मक परिवर्तन ल्याउन, भ्रष्टाचार अन्त्य गर्न, बेरोजगारीको समाधान खोज्न र राष्ट्र निर्माणको आधार तयार पार्न सकारात्मक सोच भएको युवाको खाँचो छ । यसैले हामी सबै अभिभावक, शिक्षक, नीति निर्माता, उद्यमी, समाजसेवी मिलेर युवामा सकारात्मक सोच विकास गराउने कार्यलाई प्राथमिकता दिनुपर्छ । शिक्षाले ज्ञान दिन्छ, तर सकारात्मक सोचले जीवन बदल्छ । त्यो जीवन परिवर्तन नै समाज रूपान्तरणको प्रारम्भ हो । आजको यथार्थमा, जहाँ धेरै युवा विदेशिन चाहन्छन्, त्यहाँ यस्तो सन्देशले नयाँ आशा जगाउँछ, "युवाले देश बोक्न तयार छन्, सर्त केवल यति हो, सरकारले ढोका खोलिदियोस् ।" *(लेखक सुटमालाका कार्यकारी निर्देशक हुनुहुन्छ)*

# तराई-मधेसको खानेपानी समस्या समाधान गर्न जनशक्ति परिचालन गर्न निर्देशन

काठमाडौँ, ८ साउन (रासस) ।

खानेपानीमन्त्री प्रदीप यादवले तराई-मधेसमा उत्पन्न भएको खानेपानी समस्या समाधानका लागि आवश्यक जनशक्ति परिचालन गर्न मातहतका निकायलाई निर्देशन दिनुभएको छ ।

बिहीबार सिंहदरबारस्थित खानेपानी मन्त्रालयमा आयोजित उच्च व्यवस्थापन टिम (एसएमटी) बैठकमा मन्त्री यादवले तराई-मधेससहित विशेषगरी बारा र पर्सामा उत्पन्न खानेपानी समस्याको तत्काल समाधानका लागि सम्बन्धित एवं मातहत निकायका प्रमुखलाई आवश्यक जनशक्ति परिचालन गर्न निर्देशन दिनुभएको हो ।

उहाँले भन्नुभयो, "विशेषगरी तराई-मधेस क्षेत्रका आठ जिल्लामा देखिएको खानेपानी समस्यालाई समाधान गर्न हाम्रो सम्पूर्ण जनशक्ति परिचालन गरौँ, हाम्रो टिम र जनशक्ति खटिए त्यहाँको खानेपानीको समस्या समाधान गर्न सकिने छ ।"

यसैगरी मन्त्री यादवले जलवायु परिवर्तनका कारण गहिरिँदै गएको तराई-मधेस क्षेत्रको खानेपानी सङ्कटलाई मध्यनजर गर्दै समाधानका लागि दातृ निकाय, अन्तरराष्ट्रिय सङ्घ संस्था तथा छिमेकी मुलुकसँग आवश्यक सहयोगका लागि पत्राचार गर्नसमेत निर्देशन दिनुभएको छ ।

बिहीबारको बैठकबाट विपद् व्यवस्थापनका लागि बजेट

बाँकी तीन पृष्ठमा

# 'मधेसलाई संकटग्रस्त र सुख्खाग्रस्त क्षेत्र घोषणा गरेर मात्र राज्यको दायित्व पुरा हुँदैन'

काठमाडौं, ८ साउन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद कृष्णकुमार श्रेष्ठले मधेस प्रदेशमा तत्काल पिउने पानीको आपतकालिन आपूर्ती र पानीका स्रोतको मर्मतमा तत्काल कदम चाल्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा आकस्मिक समयमा बोल्दै उहाँले मधेस प्रदेशलाई विपद सङ्कट क्षेत्र घोषणा गरेता पनि समस्या समाधानका लागि सरकार गम्भीर नभएको भन्दै खेद प्रकट गर्नुभयो।

मधेसमा सिँचाइ र खानेपानीको अभावबारे सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनु भएका उहाँले पानीमाथि राजनीतिक नियन्त्रण भएको भन्दै असन्तुष्टि पनि व्यक्त गर्नुभयो।

"सिँचाइको अभाव र खानेपानीको अभावमा बाचिरहेका मधेसका नगरिकको समस्यामा सरकार रमिते बनिरहेको छ", सांसद श्रेष्ठले भन्नुभयो, "पिउने पानीको आपतकालिन आपूर्ति र पानीका स्रोतको मर्मतमा तत्काल चाल्न सक्ने कदम पनि चालेको छैन। नयाँ डिप बोरिङको राजनीतिकले छिमेकी जिल्लाका मन्त्रीका निर्वाचन क्षेत्रका जनतालाई राहत मिल्ला तर मधेसका जनतालाई अन्य सात जिल्लाका नागरिकले सरकारले महसुस गर्न पाएका छैनन्।"

बुधबार बसेको मन्त्रिपरिषद्को आकस्मिक बैकले मधेस प्रदेशभर विपद सङ्कटग्रस्त घोषण गरेको थियो। त्यसअघि असारमा बसेको मन्त्रिपरिषद्को बैठकले सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो।

नेपाली कांग्रेसका सांसद रमा कोइराला पौड्यालले मधेसमा पानीको अभावसम्बन्धी विषय सम्बोधनका लागि बजेट छुट्याउनुपर्नेमा जोड दिनुभयो।

"सुख्खाग्रस्त क्षेत्र घोषणा मात्र गरेर पुग्दैन। त्यहाँका जनताले खानेपानी पाएका छैनन्। खानेपानी र सिँचाइको व्यवस्था गर्नुपर्‍यो", उहाँले भन्नुभयो, "बजेट रकमान्तर गरेर भएपनि मधेसमा पानीको समस्या समाधान गर्न आग्रह गर्दछु।"

नेकपा (माओवादी केन्द्र)का सांसद बिमला सुवेदीले रसुवाको नौकुण्ड गाउपालिकामा दुई बालिकाको शंकास्पद मृत्यु भएको भन्दै उक्त घटनाबारे ढिलासुस्ती नगरी अनुसन्धान गर्न ध्यानार्कषण गराउनुभयो।

बैठकमा आकस्मिक समयमा बोल्दै नेकपा(एमाले)का सांसद ठाकुरप्रसाद गैरेले डेङ्गी सङ्क्रमण बढ्न थालेको भन्दै 'खोज र नष्ट गर' अभियान प्रभावकारी बनाउन सम्बन्धीत निकायको ध्यानार्कषण गराउनुभयो।

सभामुखमार्फत सम्बन्धीत मन्त्रालयको ध्यानार्कषण गराउदै उहाँले लामखुट्टेको लार्भा खोजेर नष्ट गर्नेपर्नेमा जोड दिनुभयो।

सांसद गैरेले पाल्पा जिल्लामा नसर्ने रोगहरू मुटु, क्यान्सर र मिर्गौला रोगका बिरामीको सङ्ख्या बढेकातर्फ सचेत गराउनुभयो। गुणस्तरहिन खाद्यवस्तुको उत्पादन र वितरण, धुमपान नियन्त्रण, खाद्य बालीमा अत्याधिक विषादी प्रयोग रोक्न र वातावरण प्रदुषण न्यूनीकरण गर्न सरकारसँग विशेष पहलको लागि माग गर्नुभयो।

यस्तै, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद रणेन्द्र बरालीले चितवनको राप्ती नगरपालिकामा राजनीतिक खिचातानीका कारण कर्मचारी भर्ना र निकाले काम भइरहेको बताउनुभयो। उहाँले यस नगरपालिकाका ६९ जना कर्मचारीलाई तत्काल पारिश्रमिक उपलब्ध गराउन सम्बन्धीत निकायको ध्यानार्कषण गराउनुभयो।

"६९ जना कर्मचारीले नगरपालिका घेराउ कार्यक्रम निरन्तर चलाएका छन्। नौ महिनादेखि पारिश्रमिक र पुनर्बहालीको माग राखेर घेराउ गरिरहनुभएको छ। सम्बन्धीत नियकालाई न्यायीक कार्य थाल्नुपर्छ", सांसद बरालीले भन्नुभयो।

नेपाली कांग्रेसका सांसद दीपक गिरीले सडक दुर्घटनको बढ्दो जोखिमबारे सभामुखमार्फत सरकारको ध्यानार्कषण गराउनुभयो। अमेरिकाको लुइसिया टेक युनिभर्सिटीमा अध्ययनरत दुई नेपाली विद्यार्थीको सडक दुर्घटनामा मृत्यु भएको र उनीहरूको अभिभावकलाई दाहसंस्कारका लागि अमेरिकाको भिसा उपलब्ध गराउन सहज व्यवस्था गर्न समेत माग गर्नुभयो।

नेकपा (एकीकृत समाजवादी)का सांसद प्रकाश ज्वालाले कर्णाली प्रदेशमा तुईन विस्थापन, किसानलाई मल र मधेसमा पानीको आपत्कालिन व्यवस्थापनलगायतका विषयमा सभामुखमार्फत सरकारको ध्यानार्कषण गराउनुभयो। उहाँले मन्त्रीहरूको सम्पत्ति सार्वजनिक गर्न माग गर्नुभयो।

# फत्तेपुरमा हरियोपात कुहाएर प्राङ्गारिक मल उत्पादन गरिँदै

राजविराज (सप्तरी), ८ साउन (रासस)।

दैनिक रुपमा खेर गइरहेको विभिन्न रुखबिरुवाका पात सङ्कलन गरी प्राङ्गारिक मल उत्पादनमा प्रयोग गर्न थालिएको छ। जिल्लाको सप्तकोसी नगरपालिका-१ स्थित फत्तेपुरमा रुखबाट झरेर सुकेका पात र वनका पोथ्रा रुखको हरियोपात कुहाएर प्राङ्गारिक मल उत्पादन गर्न थालिएको हो।

रक्तमाला नमूना सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष इन्द्रप्रसाद लुईटेलले उत्पादित मल किसानलाई निःशुल्क वितरण गर्ने योजना रहेको बताउनुभयो। उहाँले वनमा खेर जाने पातपतिङ्गर जम्मा गरी मल उत्पादन गर्ने, विभिन्न जडीबुटीको बोट रोप्ने, पार्कलाई आन्तरिक तथा बाह्य पर्यटकका लागि अनुसन्धान केन्द्रका रुपमा विकास गरी वन संरक्षण, स्वच्छ वातावरण र आयआर्जनसँग जोड्ने उद्देश्यले काम भइरहेको जानकारी दिनुभयो।

जिल्ला वन र सामुदायिक वनको सहकार्यमा जडीबुटी तथा फलफूलका बिरुवा रोप्ने, विभिन्न प्रजातिका बिरुवा उत्पादन र वितरण, कम्पोस्ट मल उत्पादनलगायत काम भइरहेको अध्यक्ष लुईटेलले बताउनुभयो। सप्तकोसी-१ स्थित फत्तेपुरमा रक्तमाला नमूना सामुदायिक वन उपभोक्ता समिति र जिल्ला वन कार्यालयको संयुक्त रुपमा साझेदारी गरी जैविक तथा सहिद पार्क निर्माणस्थल बनाइएको उहाँले जानकारी दिनुभयो।

वन संरक्षण तथा पर्यावरण सुरक्षासम्बन्धी जानकारी दिँदै अध्यक्ष लुईटेलले भन्नुभयो, "नमूनाका लागि यस पटकमा १० हजार किलो सुकेको र १० हजार किलो हरियोपात मिलाएर २० हजार किलो प्राङ्गारिक मल उत्पादन गर्ने योजना छ। जैविक तथा हरित पार्कबाट वार्षिक रु २२ लाख आम्दानी लिने लक्ष्य राखेर काम गरिरहेका छौं।" उहाँका अनुसार यस ठाउँमा ३४७ दशमलव पाँच हेक्टर क्षेत्रफलमा पार्क निर्माण, ट्रिहाउस निर्माण, पोखरी निर्माण, गोल घर निर्माण, बाटो निर्माण, वृक्षरोपणलगायत कार्य गरिएको छ।

जिल्ला वन कार्यालयले मातहतका सब डिभिजन कार्यालयमा नर्सरी लगाएर लाखौं बिरुवा उत्पादन गरी समुदायस्तरमा वितरण गर्दै आएको जिल्लास्थित डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृत सुभाषचन्द्र दासले बताउनुभयो। उहाँका अनुसार खैर, अमला, लताम, सिस्सौ, अर्जुन, टिक मसला, मलेसियन सखुवा, तेजपत्ता, आँप, लिची,

बाँकी अन्तिम पृष्ठमा


**वीमा लेख नं. हराएको सूचना**

जलेश्वरदेखी जनकपुरतर्फ जाँदै गरेको अवस्थामा २०८२ साल असार ४ गते मेरो नाममा रहेको बीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९७०६४१९८९४ मा सम्पर्क गर्नुहोला।

**नाम : रन्जु देवी**
**ठेगाना : जलेश्वर नगरपालिका १३, महोत्तरी**
**बीमा लेख नं. : २५१३०५२६२**

**वीमा लेख नं. हराएको सूचना**

गौरदेखी गरुडातर्फ जाँदै गरेको अवस्थामा २०८२ साल असार १ गते मेरो नाममा रहेको बीमा लेख नं. हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८४५२३४९४४ मा सम्पर्क गर्नुहोला।

**नाम : राम प्रवेश ठाकुर**
**ठेगाना : गौर नगरपालिका १०, सबगदा टोल, रौतहट**
**बीमा लेख नं. :११००२६८३१**


### *तराई-मधेसको...*

सुनिश्चितता, विनियोजित बजेटको लचिलो प्रयोगका लागि सहमति, खानेपानी आपूर्तिको व्यवस्थापका लागि सहजीकरण गर्न टोली खटाउने, अन्तरराष्ट्रिय सहयोगका लागि पहल गर्ने लगायतका निर्णय गरिएको मन्त्रालयका सचिव इन्जिनियर प्रमिलादेवी शाक्य बज्राचार्यले जानकारी दिनुभयो।

उहाँका अनुसार खानेपानी तथा ढल व्यवस्थापन विभागमार्फत तराई-मधेशको सुक्खा क्षेत्रमा तत्काल खानेपानी आपूर्तिको व्यवस्थापका लागि सहजीकरण गर्न टोली खटाउने, पानीको सदुपयोग र सुरक्षित पानी प्रयोग गर्न जनचेतना मुलक कार्यक्रम दातृ निकाय तथा जिल्ला प्रशासन कार्यालयको सहकार्यमा सञ्चालन गर्ने, मधेश प्रदेशका आठ जिल्लामा फिल्ड स्तरको टोली गठन गर्ने, एक जिल्ला एक टोली तथा टोलीमा एक जना सिनियर डिभिजनल इन्जिनियर र एक जना इन्जिनियर रहने गरी विभागवाट आवश्यक जनशक्ति तत्काल खटाउने निर्णय गरिएको छ।

त्यसैगरी जिल्लामा खटिने टोलीले स्थलगत अध्ययन, प्राथमिकता पहिचान र शीघ्र खानेपानी समस्या समाधानको प्रस्ताव पेस गर्न जिम्मेवारी तोक्ने, टोलीले जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र स्थानीय तहसँग समन्वय गरेर कार्य गर्ने, केन्द्रीय स्तरको सिँचाइको सहसचिवको नेतृत्वको समितिसँग र विभागले खटाएको समितिसँग समन्वय गर्ने निर्णय गरेको छ।

बैठकले पानीको सङ्कटग्रस्त जिल्लामा तात्काल खानेपानी आपूर्ति सुनिश्चित गर्न अर्थ मन्त्रालयमार्फत मित्र राष्ट्र एवं दातृ निकायसँग ट्याङ्कर, बोरिङ सेटअप, प्याकेज्ड वाटर वितरण लगायतका सम्भावित सहयोगका क्षेत्रमा राहत कार्यक्रम सञ्चालन गर्न सहकार्यका लागि अनुरोध गर्ने निर्णयसमेत गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालय र मातहतका निकायमा विभिन्न शीर्षकमा विनियोजित बजेट विपद् सङ्कटग्रस्त क्षेत्र घोषित जिल्लामा अत्यावश्यक खानेपानीको अल्पकालिन व्यवस्थापनका लागि तत्काल खर्च गर्न अर्थ मन्त्रालयसँग सहमति माग गर्ने निर्णय गरिएको सचिव बज्राचार्यले बताउनुभयो।

## विश्व समाचार

# रुसमा करिब ५० यात्रु बोकेको विमान दुर्घटना

मस्को, ८ साउन (रासस/एएफपी)।

करिब ५० जना यात्रु बोकेको एउटा यात्रु विमान बिहीबार रुसको सुदुर पूर्वी क्षेत्र अमुरको दुर्गम स्थानमा दुर्घटना भएको छ। अधिकारीहरूले दुर्घटनापछि तत्काल कुनै बाँचेकाको सङ्केत नदेखिएको बताएका छन्।

अङ्गारा एयरलाइन्सले सञ्चालन गरेको यो दुई प्रोपेलर भएको एन्टोनोभ-२४ विमान ब्लागोभेश्चेन्स्क सहरबाट टिन्डा सहरतर्फ जाँदै गर्दा स्थानीय समयअनुसार दिउँसो १:०० बजे (०४०० जिएमटी) राडारबाट हराएको थियो।

पछि एउटा उद्धार हेलिकप्टरले टिन्डाबाट लगभग १६ किलोमिटर (१० माइल) टाढाको जङ्गल भएको पहाडी ढलानमा जलिरहेको विमान देखेको थियो।

रूसी अनुसन्धानकर्ताहरूले प्रकाशित गरेको भिडियोहरूमा घना, जङ्गली क्षेत्रमा विमानको भग्नावशेषबाट धुवाँको मुस्लो उडिरहेको देखिएको छ।

हेलिकप्टरमा रहेका उद्धारकर्ताहरूले कुनै बाँचेकाको प्रमाण नदेखेको स्थानीय उद्धारकर्ताहरूले बताए। अमुर क्षेत्रको नागरिक सुरक्षा एजेन्सीले घटनास्थलमा स्थल टोली पठाउने बताएको छ। "हाल २५ जना र पाँच एकाइ उपकरणहरू पठाइएको छ, र चार विमान र तिनका चालक दलहरू तयारी अवस्थामा छन्", एजेन्सीले भन्यो।

जङ्गली भू-भागले घटनास्थलमा पुग्न कठिनाई भएको एक उद्धारकर्ताले राज्य समाचार एजेन्सी तासलाई बताए।

"मुख्य खोजी कार्यहरू हवाईबाट सञ्चालन भइरहेका छन्", उनीहरूले भने। रूसी सहर इर्कुत्स्कमा आधारित सानो क्षेत्रीय वाहक अङ्गारा एयरलाइन्सले तुरुन्त कुनै सार्वजनिक टिप्पणी गरेको छैन।

उक्त क्षेत्रका गभर्नर भासिली ओर्लोभका अनुसार विमानमा ४३ जना यात्रु र छ जना चालक दलका सदस्य थिए। यात्रुमध्ये पाँच जना बालबालिका थिए।

रूसको राज्य समाचार एजेन्सी तासले आपत्कालीन सेवाहरूलाई उद्धृत गर्दै विमानमा ४० यात्रु र छ चालक दल रहेको बताएको छ।

टिन्डा विमानस्थलमा दोस्रो पटक पुग्ने प्रयास गर्दा विमान दुर्घटना भएको रुसको सुदुर पूर्वी यातायात अभियोजकको कार्यालयले जनाएको छ। "टिन्डा विमानस्थलमा पुग्दा विमानले दोस्रो अवतरणका लागि घुम्यो, त्यसपछि सम्पर्क टुट्यो थियो", अभियोजक कार्यालयले भन्यो, "परिस्थितिहरूको अनुसन्धान भइरहेको छ।"

यसले दुर्घटनाको कारणबारे तत्काल कुनै टिप्पणी गरेको छैन। राज्य समाचार एजेन्सी तासले यो विमान झण्डै ५० वर्ष पहिले निर्माण गरिएको रिपोर्ट गरेको छ।"सन् २०२१ मा विमानको उडान योग्यता प्रमाणपत्र सन् २०३६ सम्म बढाइएको थियो", उड्डयन सेवाका स्रोतलाई उद्धृत गर्दै यसले रिपोर्ट गरेको छ। एन्टोनोभ-२४ एक लोकप्रिय, सोभियत-डिजाइन गरिएको दुई प्रोपेलर विमान हो। यसले पहिलो पटक सन् १९५९ मा सेवा सुरु गरेको थियो।

रूसले हालका वर्षहरूमा सोभियत विमानबाट आधुनिक जेटहरूमा स्विच गर्ने कदमहरू चालेको छ, तर पुराना हल्का विमानहरू अझै पनि दुर्गम क्षेत्रहरूमा व्यापक रूपमा प्रयोग हुन्छन् र दुर्घटनाहरू बारम्बार हुन्छन्।

# युद्धविराम प्रतिक्रिया मध्यस्थकर्ताहरूलाई हस्तान्तरण गरियो : हमास

दोहा, ८ साउन (रासस/एएनआई)।

हमासले इजरायली युद्धविराम प्रस्तावको जवाफ मध्यस्थकर्ताहरूलाई बुझाएको दाबी गरेको छ। जेरुसेलम पोस्टले बिहीबार बिहान जवाफ पहिले यसको विपरीत सङ्केतहरू आएको बताएको छ। एक इजरायली अधिकारीले बुधवार जेरुसेलम पोस्टलाई हमासले एक हप्ताअघि पेश गरिएको प्रस्तावमा आधिकारिक प्रतिक्रिया दिन नसकेको र अहिले पहिले समाधान गरिएका मुद्दाहरूमा नयाँ मागहरू उठाइरहेको बताएका छन्।

मङ्गलवार कतार र इजिप्टका प्रतिनिधिहरूसँगको दोहाको बैठकमा मध्यस्थकर्ताहरूले हमासका नेताहरूसँग हमासको प्रतिक्रिया साझा गरेका थिए। "यो गम्भीर प्रतिक्रिया होइन", द जेरुसेलम पोस्टले उद्धृत गरेको सूचित स्रोतका अनुसार मध्यस्थकर्ताहरूले हमासका नेताहरूलाई भने, "फर्केर जानुहोस् र नयाँ मस्यौदा तयार गर्नुहोस्।"

जेरुसेलम पोस्टको रिपोर्ट अनुसार हमासको प्रतिक्रिया गम्भीर जवाफ नभएको भन्दै मध्यस्थकर्ताहरूले मङ्गलबार हमासको प्रतिक्रिया इजरायलको प्रस्तावित सम्झौतामा पठाउन अस्वीकार गरेका थिए।

यस विषयमा जानकारी राख्ने एक व्यक्तिले भने, "यदि तपाईं गम्भीर जवाफ लिएर फर्केर आउनुभएन भने, तपाईंको समस्या हामी मध्यस्थकर्ताहरूसँग हुनेछ।"

एक इजरायली अधिकारीका अनुसार हमास मानवीय सहायता, प्रस्तावित ६० दिनको युद्धविरामको समयमा इजरायली सेनाको तैनाथी र रिहा हुने प्यालेस्टिनी कैदीहरूको सङ्ख्या लगायत पहिले सहमत भएका धेरै प्रमुख मुद्दाहरूमा पछाडि हटेको छ।

मङ्गलबार हमासको प्रतिक्रिया अनुसार यसले सबै मानवीय सहायता संयुक्त राष्ट्रसङ्घको मात्र माध्यमबाट विशेष गरी गाजा पट्टीमा प्रवेश गर्न माग गरिरहेको छ। यसैबीच, जेरुसेलम पोस्टले ट्रम्प प्रशासनले कतार र इजिप्ट दुवैलाई इजरायली स्थितिसँग अझ नजिक हुन हमासलाई दबाब दिने अत्यावश्यकता व्यक्त गर्नुभएको छ भनेर प्रकाश पारेको छ।

प्रस्तावित बन्धक सम्झौतामा हमास लडाकूहरूद्वारा मारिएका १८ इजरायलीको शवसँगै १० इजरायली बन्धकको रिहाइ समावेश छ।

उहाँले भन्नुभयो, "जवाफ दिनमा ढिलाइ गर्नुको न त अनावश्यक परिवर्तनहरूको मागको कुनै ठोस कारण छ, विशेष गरी यो ६० दिने वार्ता अवधि हो जसमा कुनै हताहत र रक्तपात नहुने र यस दौरान सबै विवरणहरूमा छलफल गरिनेछ।"

निराशालाई संक्षेप गर्दै बहवाहले भन्नुभयो, "ढिलाइ र निरन्तर रक्तपातका साथ पर्याप्त छ। हामी स्थायी युद्धविराममा पुग्नका लागि अमेरिकी ग्यारेन्टीमा सबै पक्षलाई वार्ता गर्न सक्षम बनाउने सम्झौताको दिशामा अगाडि बढ्नुपर्छ।"

# खेतमा पानी लगाउने क्रममा करेन्ट लागेर एक सातामा तीन किसानको मृत्यु

रौतहट, ८ साउन (रासस)।

रौतहटमा एक सातामै खेतमा धान रोप्न पानी लगाउने क्रममा करेन्ट लागेर तीन किसानको मृत्यु भएको छ। बुधबार मात्रै धान रोप्न पानी लगाउने क्रममा मोटर चलाउँदा करेन्ट लागेर दुई जनाको ज्यान गएको हो।

बुधबार बिहान माधव नारायण-४ बिसनपुर्वा मानपुर बस्ने तुल्सी मुखियाको छोरा ४० वर्षीय रामबाबु मुखियाको खेतमा सिँचाइका लागि विद्युतीय मोटरबाट पानी पटाउने क्रममा करेन्ट लागेर मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक राजन कार्कीले जानकारी दिनुभयो। सिँचाइ गर्न जडान गरिएको मोटरको तारबाट करेन्ट लागि घाइते भएका मुखियाको उपचारको क्रममा प्रादेशिक अस्पताल गौरमा मृत्यु भएको प्रहरीले जनाएको हो।

त्यसैगरी कटहरीया-२ जमुनिया टोलका लालमहमद देवानको ५२ वर्षीय छोरा मोक्तार देवानको पनि खेतमा पानी लगाउने क्रममा करेन्ट लागेर मृत्यु भएको उहाँले जानकारी दिनुभयो। करेन्ट लागि घाइते भएका देवानको उपचारको क्रममा गरुडास्थित ग्राण्डी अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ।

यसअघि गत असार ३१ गते मौलापुर-८ सोनरनियाका सुधन राउतका १४ वर्षीय छोरा गोलु भन्ने नरेन्द्र पटेलको पनि खेतमा पानी लगाउने क्रममा करेन्ट लागेर मृत्यु भएको थियो। यसवर्ष तराईमा खडेरी परेको कारण रोपाइँ गर्न नसके पछि किसानहरूले मोटरबाट पानी तानेर रोपाइँ गर्नुपर्ने बाध्यता भएको हो।

# सशस्त्र प्रहरीद्वारा एक वर्षमा नौ करोड ६० लाख बराबरको अवैध सामान बरामद

सिरहा, ८ साउन (रासस)।

सशस्त्र प्रहरी बल, नेपाल नं ७ गण, सिरहाले आर्थिक वर्ष २०८१/८२ मा रु नौ करोड ६० लाख बराबरको अवैध सामान बरामद गरेको छ। यस अवधिमा लत्ताकपडा, किराना, हार्डवेयर, इलेक्ट्रोनिक्स, औषधि, मदिरा, पशुचौपायालगायतका विभिन्न सामग्री र गैरकानुनी रूपमा प्रयोगमा आएका सवारीसाधन नियन्त्रणमा लिइएका हुन्।

सशस्त्र प्रहरी गण सिरहाका गणपति, सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीका अनुसार बरामद गरिएका अवैध सामग्रीमध्ये लताकपडा मात्रै रु दुई करोड ६६ लाख आठ हजार बराबरको रहेको छ भने किराना सामान रु दुई करोड २० लाख, हार्डवेयर रु ४३ लाख ५८ हजार, इलेक्ट्रोनिक्स रु ४० लाख ७१ हजार, मदिरा रु २३ लाख ५१ हजार, नगद रु चार लाख, काठ रु ९३ हजार र पशुचौपाया रु १३ लाख ५६ हजार मूल्य बराबरका रहेका छन्।

त्यस्तैगरी अवैधकार्यमा प्रयोग गरिएका सवारीसाधनमध्ये २२२ वटा मोटरसाइकल, छ वटा पिकअप/स्कारपियो, २१ वटा ट्र्याक्टर, एक म्याजिक र चार वटा सिटी सफारी/अटो/रिक्सा समेटिँदा रु तीन करोड ३७ लाख आठ हजार बराबरको मूल्य रहेको छ।

यस क्रममा १५ व्यक्तिलाई नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाइएको पनि सशस्त्र प्रहरीले जनाएको छ। गणपति भण्डारीले भन्नुभयो,“सीमा सुरक्षा, चोरी तस्करी नियन्त्रण र विपद् व्यवस्थापनमा सक्रिय भएर सशस्त्र प्रहरी काम गरिरहेको छ। हामी आगामी दिनमा यस्ता गैरकानुनी कार्य विरुद्ध अझै कडा रूपमा प्रस्तुत हुने छौं।”

उहाँका अनुसार अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा सशस्त्र प्रहरीले रु आठ करोड ४१ लाख बराबरको अवैध सामग्री बरामद गरेको थियो। यस वर्षको बरामद सङ्ख्याले यसपटकको नियन्त्रण अझ कडारूपमा अघि बढेको देखाउँछ।

# पक्राउ परेका व्यक्तिको तस्बिर तथा भिडियो सार्वजनिक नगर्न प्रहरीको परिपत्र

काठमाडौं, ८ असार (रासस)।

प्रहरी प्रधान कार्यालयले कुनै पनि घटना तथा अपराधमा पक्राउ परेका व्यक्तिको फोटो तथा भिडियो सार्वजनिक नगर्न देशभरका प्रहरी कार्यालयहरूमा परिपत्र गरेको छ।

पत्रकार सम्मेलनमा वा कुनै पनि सूचना दिँदा पक्राउ परेका व्यक्तिको तस्बिर तथा भिडियो सार्वजनिक नगर्न र नपठाउन भन्दै प्रहरी प्रधान कार्यालयले देशैभरका प्रहरी युनिटमा परिपत्र जारी गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक बिनोद घिमिरेले जानकारी दिनुभयो।

महान्यायाधिवक्ताको कार्यालयले तस्बिर, भिडियोहरू सार्वजनिक नगर्न प्रहरी प्रधान कार्यालयलाई दिएको निर्देशनका आधारमा यसरी मातहतका सबै युनिटमा परिपत्र जारी गरिएको प्रवक्ता घिमिरेले राससलाई जानकारी दिनुभयो।

गएको असारमै महान्यायाधिवक्ताको कार्यालयले उक्त निर्णय गरिसकेको छ। सोही निर्णयको जानकारी प्रहरी प्रधान कार्यालयमा पठाएपछि प्रहरीले तत्काल कार्यान्वयन गर्न परिपत्र जारी गरेको हो।

प्रवक्ता घिमिरेले जघन्य अपराधका घटना वा त्यस्ता तस्बिर र भिडियो सार्वजनिक नगर्दा राज्य तथा सामाजिक असर पर्ने अवस्था रहेको खण्डमा सम्बद्ध निकायको अनुमतिमा सार्वजनिक गर्न सकिने जनाइएको छ।

### फत्तेपुरमा हरियोपात...

मोरिङ्गालगायत विभिन्न प्रजातिका बिरुवा उत्पादन भइरहेका छन्।

सप्तरीमा कूल २१ हजार एक सय ३६ हेक्टर वनक्षेत्र रहेकामा एक सय ३७ सामुदायिक वन र छ वटा सब डिभिजन वन कार्यालय रहेका जनाउँदै दासले सबै सरोकार भएका निकायसँगको सहकार्य र समन्वयमा वन संरक्षणका लागि योजनाबद्ध काम गर्न थालिएको बताउनुभयो।

डिभिजनल वन अधिकृत दासका अनुसार जिल्लामा जल क्षेत्र तीन हजार १४३ दशमलव ९२, वन क्षेत्र २१ हजार १३६, घाँसे मैदान एक हजार ४९३ दशमलव ३६, सिमसार तीन हजार ९८१ दशमलव ८७, कृषि क्षेत्र ६७ हजार ६७५ दशमलव ६१, बुट्यान क्षेत्र १२ हजार ६३५ दशमलव ८६, बस्ती क्षेत्र १२ हजार ७६६ दशमलव एक र बाँझो क्षेत्र पाँच हजार २६७ दशमलव ३८ रहेका छन्।

जिल्लामा पाइने मुख्य काष्ठजन्य प्रजाति साल, अस्ना, सिसौं, खयर, सिमल, हर्रो, बर्रो, जामुन हुन् भने लघु वन पैदावारमा च्याउ, निउरो, वेत, बोजो, भ्याकुर, दतिवन, अम्रिसो, राजवृक्ष, सिन्दुरे, थाकल, कुटमिरा, सिमसाग, लुँडे, बयर, अमला, कुरिलो, बाँसलगायत रहेका उहाँले जानकारी दिनुभयो।

# ६ खर्ब २५ अर्बको आयात र एक खर्ब एक अर्बको निर्यात

पर्सा, ८ साउन (रासस)।

वीरगञ्ज नाका हुँदै गत आर्थिक वर्ष २०८१/०८२ मा रु छ खर्ब २५ अर्ब ९७ करोड मूल्य पर्ने वस्तु तथा सामान आयात गरिएको छ।

अघिल्लो आव २०८०/८१ को तुलनामा गत आवमा मूल्यको आधारमा १५ दशमलव १४ प्रतिशतअर्थात् रु ८२ अर्ब ३० करोड मूल्य बढीका सामान आयात गरिएको हो।

गत आवमा यो नाका हुँदै सबैभन्दा धेरै आयात हुनेमा पेट्रोलियम पदार्थ रहेको छ। पाँच थरिका पेट्रोलियम पदार्थमात्रै रु एक खर्ब ९१ अर्ब ८८ करोड रकमको आयात गरिएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ। दोस्रो धेरै आयात हुने वस्तुमा भटमासको कच्चा तेल रु ५७ अर्ब ६८ करोडको रहेको छ।

वीरगञ्ज भन्सार कार्यालय प्रमुख दीपक लामिछानेले गत आवमा आयात र निर्यातमा दुवैमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो। “गत आवमा आयात र निर्यात दुवैमा उल्लेखीय सुधार भएको देखिन्छ”, उहाँले भन्नुभयो, “अर्थतन्त्र सहज हुँदै गएकाले पनि वृद्धि भएको हुनसक्छ।”

गत आवमा मेसिनरी तथा तिनका पार्टपुर्जा रु ३६ अर्ब ६३ करोड मूल्यका आयात गरिएका छन्। रु ३४ अर्ब ४१ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात गरिएका हुन्। सोही अवधिमा रु २८ अर्ब ५३ करोड मूल्य पर्ने सबै प्रकारका ‘एलोपेथिक’ औषधि आयात गरिएका छन्।

गत आवमा आयात मात्रै नभएर निर्यातमा पनि बढोत्तरी भएको छ। रु एक खर्ब एक अर्ब ८४ करोड मूल्य बराबरका वस्तु तथा सामान निर्यात गरिएको छ। अघिल्लो आवमा यो नाका हुँदै रु ३१ अर्ब १४ करोड मूल्यका वस्तु तथा सामान निर्यात गरिएको थियो। सो आवको तुलनामा यो नाका हुँदै २२७ दशमलव ०९ प्रतिशतअर्थात् रु ७० अर्ब ७० करोड मूल्य बराबरका बढी वस्तु तथा सामान निर्यात गरिएको छ।

सबैभन्दा धेरै निर्यात हुने वस्तुमा भटमासको प्रशोधित तेल रहेको छ। गत आवमा रु ६१ अर्ब ४५ करोड मूल्य पर्ने २९ करोड १४ लाख ९१ हजार ७५९ लिटर प्रशोधित भटमासको तेल निर्यात गरिएको हो।

जबकी अघिल्लो आवमा रु नौ करोड मूल्य पर्ने चार लाख ६४ हजार १३८ लिटर मात्रै निर्यात गरिएको थियो। त्यसैगरी गत आवमा रु नौ अर्ब २६ करोड मूल्य पर्ने चार करोड १५ लाख नौ हजार २७३ लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात गरिएको छ। अघिल्लो आवमा रु १० करोड मूल्य पर्ने पाँच लाख २७ हजार २९१ लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात गरिएको थियो।

गत आवमा रु सात अर्ब ६९ करोड मूल्य पर्ने आठ करोड एक लाख ३४ हजार २२७ लिटर फलफूलको जुस निर्यात गरिएको छ। अघिल्लो आवमा रु आठ अर्ब ५९ करोड मूल्य पर्ने आठ करोड ८० लाख १० हजार ६९० लिटर फलफूलको जुस निर्यात गरिएको थियो।

गत आवमा रु पाँच अर्ब ३७ करोड मूल्य पर्ने चार करोड ५२ लाख ५६ हजार ८१० किलोग्राम फलाम तथा फलामबाट बनेका सामग्री भारत निर्यात गरिएको छ। अघिल्लो आवको सोही अवधिमा रु आठ अर्ब ५९ करोड मूल्य पर्ने सात करोड २६ लाख ३६ हजार २३१ किलोग्राम फलाम तथा फलामका सामग्री विदेशी मुलुक निर्यात गरिएको थियो।

# एक वर्षमा ८३ वन्यजन्तु मरे

चितवन, ८ साउन (रासस)।

चितवन राष्ट्रिय निकुञ्जमा गत आर्थिक वर्षमा ८३ वटा वन्यजन्तु मरेका छन्। जसमध्ये ४५ वटा प्राकृतिक कारणले मरेका हुन्।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार गत आवमा २८ वटा गैँडा मरेका छन्। जसमध्ये १८ वटा प्राकृतिक कारणले, जुधेर तीन, विद्युतीय करेन्टबाट एउटा, बाढी पहिरोबाट दुई र दलदलमा फसेर तीन वटा मरेका छन्। एउटाको कारण खुलेको छैन।

प्राकृतिक कारणले चितुवा एउटा, हात्ती पाँच वटा मरेका छन्। दुई हात्तीको मृत्युको कारण खुलेको छैन। एउटा बाघ जुधेर मरेको छभने अर्कोको कारण खुलेको छैन। चित्तल १२ वटा प्राकृतिक कारणले मरेका हुन् भने सडक दुर्घटनामा दुई चितल मरेका छन्। तारजालीमा परेर एउटा र कुकुरले टोकेर १६ चित्तल मरेका हुन्। जरायो तीन, रतुवा एउटा, घडीयाल गोही दुई, नीलगाई दुई, अजिङ्गर एक, स्याल एक, भालु एक र अन्य जनावर दुई वटा मरेका निकुञ्जले जनाएको छ।

सोही समयमा १३५ वटा जनावरको उद्धार गरिएको छ। जसमा चार गैँडा, दुई बाघ, सात चित्तल, तीन कछुवा, ३७ सर्प रहेका छन्। त्यसैगरी अजिङ्गर ६१, मगर गोही ११, घडीयाल गोही दुई, गिद्ध दुई, गोहोरो एउट, नीलं बिरालो एउटा र अन्य दुई जनावरको उद्धार गरिएको छ।

### ‘मधेसको खडेरी ...

व्यवस्था गर्न तथा सिँचाइका लागि तत्काल डिप बोरिङ जडान गरी वैकल्पिक सिँचाइको व्यवस्था गर्न माग गरेको छ।

मधेस-प्रदेशलाई अन्नको भण्डार मानिए पनि मध्यवर्षा आइपुग्दासमेत ५० प्रतिशत भन्दा कम मात्रै रोपाइँ हुनुले खाद्य सङ्कटको जोखिम बढाएको आयोगले जनाएको छ।


कोरोनाबाट बच्ने उपाय

- नियमित रूपमा साबुन पानीले हात धोऔं,
- संक्रमित वा शंकास्पद व्यक्तिको सम्पर्कबाट टाढा रहौं,
- रुघाखोकी लागेका व्यक्तिको नजिक वा सामुन्नेमा नबसौं,
- अनावश्यक रुपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
- भीडभाडमा नजाऔं र जानै परे मास्क लगाएर जाऔं,
- बारम्बार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रुमालको सरसफाइमा ध्यान दिऔं,
- खोक्दा वा हाच्छ्युँ गर्दा पाखुराले वा रुमालले नाकमुख छोपौं,
- खोप अनिवार्य रुपमा लगाऔं,
- कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*